- एकल विधवा महिलाले विवाह गरेमा
- झुठा विवरण पेश गरी भत्ता खाइरहेको पत्ता लागेमा

## सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्था

सामाजिक सुरक्षा भत्ता सम्बन्धित गाविस वा नगरपालिका कार्यालयबाट वितरण हुनेछ । यस्तो भत्ता रकम सम्बन्धित व्यक्तिलाई मात्र प्रदान गरिनेछ । अन्य व्यक्तिलाई प्रदान गरेको पाइएमा बुझ्ने र बुझाउने दुबैलाई कानून बमोजिम कारवाही हुनेछ । बैंकिङ सेवा भएका क्षेत्रमा लाभग्राहीको नाममा बचत खाता खोली सो खाता मार्फत भत्ता वितरण गर्न सकिनेछ । यो रकम चौमासिक रुपमा देहाय बमोजिमको मितिबाट वितरण गरिनेछः

- प्रथम चौमासिक असोज १ गते
- दोस्रो चौमासिक माघ १२ गते
- तेस्रो चौमासिक जेट १५ गते

## सामाजिक सुरक्षा भत्ता नपाउने

राज्य कोषबाट मासिक रुपमा तलब, भत्ता, पेन्सन, लगायत अन्य कुनै सामाजिक सुरक्षा सम्बन्धी सुविधा पाइहेका नागरिकहरुले सामाजिक सुरक्षा भत्ता पाउने छैनन् । साथै मूल अभिलेखबाट नाम कट्टा भएपछि त्यस्ता व्यक्तिले भत्ता पाउने छैनन् ।

## कार्यान्वयन गर्ने निकाय

सामाजिक सुरक्षा भत्ता सम्बन्धी अभिलेख, आर्थिक कार्य, तथ्यांक संकलन लगायतका काम गाविस र नगरपालिकाहरुले गर्दछन् । यस्तो कार्यमा समन्वयात्मक भूमिका जिल्ला विकास समितिहरुले निर्वाह गर्दछन् ।

केन्द्रमा सामाजिक सुरक्षा भत्ताको व्यवस्थापन, अनुगमन र नियन्त्रण सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तरगतको केन्द्रीय पञ्जीकरण विभागले गर्दछ ।

## गाउँ विकास समिति/नगरपालिकाको भूमिका

- भत्ता पाउन योग्य लाभग्राहीले पेश गरेको कागजातका आधारमा नाम दर्ता तथा नवीकरण गर्ने,
- स्थानीय सामाजिक सुरक्षा समन्वय समितिलाई क्रियाशील बनाउने,
- लाभग्राहीहरुको अभिलेख व्यवस्थित ढंगले राख्ने,
- मृत्यु भएका, बसाइ सरी अन्यत्र गएका लाभग्राही तथा ५ वर्ष उमेर पूरा भएका बालबालिकाको नाम लगतबाट कट्टा गरी माथिल्लो निकायमा प्रतिवेदन पेश गर्ने,
- आगामी आर्थिक वर्षमा भत्ता पाउनेको विवरण पौषको पहिलो हप्ता भित्र माथिल्लो निकायमा पठाउने,
- भत्ता पाउनेको नाम तथा प्राप्त गरेको रकम सार्वजनिक गर्ने,
- रकम निकासा प्राप्त गरी तोकिएको मितिमा भत्ता विवरण गर्ने,
- रकम बुझाएको भरपाई सहित तोकिएको मितिमा पेश्की फछ्र्यौट गर्ने ।

## वडा नागरिक मञ्चको भूमिका

- स्थानीय सामाजिक सुरक्षा समन्वय समितिको बैठकमा प्रतिनिधित्व गर्ने,
- लाभग्राहीहरुको लगत अद्यावधिक गर्ने कार्यमा सहयोग गर्ने,
- भत्ता वितरण कार्यको अनुगमन गर्ने,
- अनियमित ढंगले भत्ता विवरण भएको पाईएमा गाउँ विकास समिति/नगरपालिका वा जिल्ला विकास समितिलाई जानकारी दिने ।

## थप जानकारीका लागि

- गाउँ विकास समितिको कार्यालय
- नगरपालिकाको कार्यालय
- जिल्ला विकास समितिको कार्यालय
- केन्द्रीय पञ्जीकरण विभाग, बबरमहल, काठमाडौं
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार ।


नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**केन्द्रीय पञ्जीकरण विभाग**
बबरमहल, काठमाडौं
फोन नं.: ०१-४२३३८७९
Website: www.docr.gov.np, Email:sss@docr.gov.np


# सामाजिक सुरक्षा कार्यक्रम





नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**केन्द्रीय पञ्जीकरण विभाग**
बबरमहल, काठमाडौं
फोन नं.: ०१-४२३३८७९
Website: www.docr.gov.np, Email:sss@docr.gov.np

## परिचय

देशमा व्याप्त गरीबी न्यूनिकरण गर्न र बेरोजगारी, सामाजिक बहिष्करण, रोग ब्याधी, अपाङ्गता तथा वृद्धावस्थाका कारण नागरिकहरु सामु आर्थिक तथा सामाजिक रुपमा उत्पन्न जोखिम व्यवस्थापन गर्न सघाउ पुऱ्याउने उद्देश्यले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिएको हो । यस अन्तर्गत नागरिकका अधिकार र पाउने सेवा, सहुलियत वा सुविधा जस्ता विषयहरु पर्दछन् । यस कार्यक्रमले मानव जीवनको विभिन्न अवस्थामा आइपर्ने कठिनाइहरुको सामना गर्न सघाउ पुऱ्याउँछ ।

यो योगदानमूलक र गैर योगदानमूलक गरी दुई प्रकारको हुन्छ । योगदानमूलक प्रकृतिको कार्यक्रममा लाभग्राही नागरिकको समेत प्रत्यक्ष योगदान रहेको हुन्छ जसलाई सामाजिक बिमा पनि भनिन्छ । गैर योगदानमूलक प्रकृतिको कार्यक्रममा लाभग्राही नागरिकको योगदान नभई पूर्णत सरकारी स्रोतबाट सञ्चालित हुन्छ, जसलाई सामाजिक सहायता पनि भनिन्छ । नेपाल सरकारबाट सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्रदान गरिने विभिन्न भत्ता गैर योगदानमूलक सामाजिक सहायता हो । नेपाल सरकारले आ.व. २०५१/०५२ बाट वृद्ध भत्ताको नामले यो कार्यक्रम प्रारम्भ गरेको हो ।

## सामाजिक सुरक्षा भत्ता वितरणको उद्देश्य

सामाजिक सुरक्षा भत्ता प्रदान गर्नुको प्रमुख उद्देश्यहरु निम्नानुसार छन्ः

- राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीति बमोजिम सामाजिक न्याय प्रदान गर्नु,
- समाजका जेष्ठ नागरिक, एकल तथा विधवा महिला, अपाङ्गता भएका व्यक्तिहरु, दलित तथा लोपोन्मुख जातिको सामाजिक सुरक्षा सम्बन्धी हकको संरक्षण गर्नु,
- कर्णाली अञ्चल र दलित परिवारका बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउनु ।

## सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुः

- देशभरिका ७० वर्ष नाघेका जेष्ठ नागरिकहरु,
- कर्णाली अञ्चलका ६० वर्ष नाघेका जेष्ठ नागरिकहरु,
- ६० वर्ष नाघेका देशभरिका देहाय बमोजिमका दलित जेष्ठ नागरिकहरुः
  - क) गन्धर्व (गाइने),
  - ख) परियार (दमाई, दर्जी, सूचिकार, नगर्ची, ढोली, हुड्के)
  - ग) बादी
  - घ) विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनरा, पार्की, टमटा)
  - ङ) सार्की (मिजार, चर्मकार, भूल)
  - च) कलर, तत्मा, ककैहिया, कोटी, खटीक, खत्वे (मण्डल, खड्ग), चमार, मोची, हरिजन, रविदाश, चिडिमार, डोम (मरिक), तत्मा (ताँती, दाश), दुसाध (पासवान, हजरा), धोवी (रजक) हिन्दु, सरभङ्ग (सरवरिया)
- देहाय बमोजिमका एकल महिलाहरु
  - क) पतिको मृत्यु भएका जुनसुकै उमेरका विधवा
  - ख) ६० वर्ष नाघेका अविवाहित वा सम्बन्ध विच्छेद भएका एकल
- देहाय बमोजिमका अपाङ्गता भएका नागरिकहरु
  - क) महिला तथा बालबालिका कार्यालयबाट रातो रंगको अपाङ्गताको परिचयपत्र प्राप्त गरेका पूर्ण अशक्त अपाङ्गता भएका
  - ख) महिला तथा बालबालिका कार्यालयबाट निलो रंगको परिचयपत्र प्राप्त गरेका अति अशक्त अपाङ्गता भएका
- देहाय बमोजिमका लोपोन्मुख आदिवासी जनजाति नागरिकहरुः कुसुण्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया (पत्थरकट्टा, सिलकट, कुशवधिया, कुचबधिया)
- देहायबमोजिमका ५ वर्ष मुनिका बालबालिकाहरु
  - क) कर्णाली अञ्चलका एक आमाका बढीमा २ बालबालिका
  - ख) देशभरीका दलित परिवारका एक आमाका बढीमा २ बालबालिका
- अघिल्लो आर्थिक वर्षको आषाढ मसान्त भित्र ७० वर्ष पूरा भई चालु आ.व. को भत्ता पाउने सूचीमा समावेश भएका जेष्ठ नागरिकहरुलाई उपचार खर्च ।

## सामाजिक सुरक्षा भत्ताका लागि लाभग्राहीहरुको नामदर्ता

आगामी आ.व. मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नागरिकहरुले चालु आ.व. को श्रावण १ गतेदेखि मंसिर १५ गतेभित्र देहाय बमोजिम नाम दर्ताका लागि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा दरखास्त दिनुपर्छः

- चालु आ.व. को आषाढ मसान्तसम्म उमेर पुग्ने जेष्ठ नागरिकहरुले नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित,
- विधवा महिलाले आफ्नो नागरिकताको प्रमाणपत्र र पतिको मृत्यु दर्ताको प्रमाणपत्रको फोटोकपी सहित,
- एकल महिलाले आफ्नो नागरिकताको प्रमाणपत्र र अविवाहित भएको प्रमाण वा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको फोटोकपी सहित,
- अपाङ्गता भएका नागरिकहरुले अपाङ्गताको परिचयपत्रको फोटोकपी सहित । बालबालिका भए जन्मदर्ता प्रमाणपत्रको फोटोकपी समेत राखी संरक्षकले आफ्नो नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित दरखास्त दिनु पर्ने ।
- लोपोन्मुख आदिवासी जनजातिले आफ्नो नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित । बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको फोटोकपीसहित सम्बन्धित बाल बालिकाको संरक्षक (उपलब्ध भएसम्म आमा) ले आफ्नो नागरिकता प्रमाणपत्रको फोटोकपी सहित दरखास्त दिनुपर्नेछ ।

## सामाजिक सुरक्षा भत्ता पाइरहेका लाभग्राहीहरुको नवीकरण

चालु आ.व. मा भत्ता पाइरहेका लाभग्राहीहरुले आगामी आ.व. मा पनि भत्ता लिन चाहेमा सम्बन्धित गाविस वा नगरपालिकामा दरखास्त दिई आफ्नो नाम नवीकरण गर्नु पर्नेछ । यसरी सामाजिक सुरक्षाको परिचयपत्र नवीकरण नगर्ने लाभ ग्राहीहरुले पछिल्लो आर्थिक वर्षको श्रावणबाट भत्ता प्राप्त गर्न सक्ने छैनन् ।

## सामाजिक सुरक्षा भत्ता पाउनेको लगत कट्टा

देहायको अवस्थामा सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिहरुको नाम गाविस/नगरपालिकामा रहेको मूल अभिलेखबाट कट्टा गरिनेछ ।

- मृत्यु भएमा
- बसाई सरी अन्यत्र गएमा
- बालबालिकको हकमा ५ वर्ष पूरा भएमा